तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कार्यपालिका बैठक संख्या ८/०७७/०७८ (१००) मिति २०७७/०९/२३ गते

प्रस्तावहरु:

१. यस कार्यालय र नेपाल सरकार भूमि सम्बन्धी समस्या समाधान आयोग बीच मिति २०७७/०८/२८ गते गरिएको सम्झौता अनुमोदन गर्ने सम्बन्धमा ।
२. वडा नं.-१० स्थित सेमरा स्वास्थ्य चौकीलाई प्रचलित कानून बमोजिम जग्गा उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने सम्बन्धमा ।
३. संघीय सरकार अन्तर्गत राष्ट्रिय योजना आयोगमा समपूरक एवम् विशेष अनुदानका आयोजनाहरु माग गर्ने सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं.-१

- "भूमिहिन दलित भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत संकलन सम्बन्धी कार्यविधि, २०७७" बमोजिम यस नगरपालिका र भूमी सम्बन्धी समस्या समाधान आयोग बीच २०७७ मंसिर २८ गते भूमिहिन दलित र भूमिहिन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासीहरुलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि प्रचलित कानून बमोजिम कार्य प्रक्रिया अगाडि बढाउन गरिएको सम्झौतालाई अनुमोदन गर्ने निर्णय गरियो । साथै, सोही कार्यविधिको दफा ७ को अनुसूची ५ बमोजिम सूचना प्रकाशन गरी प्रक्रिया अगाडी बढाउन नेपाल सरकार भूमी सम्बन्धी समस्या समाधान आयोग, काठमाडौंलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.-२

- तिलोत्तमा नगरपालिका, वडा नं.-१० (साविक मक्रहर गा.वि.स. वडा नं.-२) स्थित कि.नं. ३८५ क्षेत्रफल ०-१६-५ (सोह्र कठ्ठा पाँच धुर) सार्वजनिक जग्गा वि.सं. २०३६ सालदेखि सेमरा बजार स्वास्थ्य चौकीले संरचना बनाई भोगचलन गर्दै आएको र उक्त जग्गा सोही स्वास्थ्य चौकीलाई प्रयोगको लागि उपलब्ध गराउन नेपाल सरकारको "सार्वजनिक प्रकृतीको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७७" लगायत प्रचलित कानून बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्बाट निर्णय गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

प्रदिप पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख

निर्णय नं.-३

- संघीय सरकार अन्तर्गत राष्ट्रिय योजना आयोगमा ०७८/०८९ को संघीय समपूरक र विशेष अनुदान कार्यक्रमका लागि देहायका योजनाहरु छनौट गर्ने निर्णय गरियो ।

| समपूरक अनुदानका आयोजनाहरुः | | |
|---|---|---|
| सि.नं. | आयोजनाको नाम | आयोजना कार्यान्वयन गर्ने स्थान |
| १ | मुडियारी जहदा सडक कालोपत्रे | तिलोत्तमा, वडा नं.-१७ |
| २ | पत्थरडाँडा पूर्व सडक कालोपत्रे | तिलोत्तमा, वडा नं.-१५ र १६ |
| ३ | सिता राइसमिल पश्चिम ताजमिरा पथ सडक स्तरोन्नती | तिलोत्तमा, वडा नं.-३ |
| ४ | शान्तिनगर ४ नम्बर सूर्यपुरा हुँदै वडा नं.-७ जोड्ने सडक | तिलोत्तमा, वडा नं.-७ र ८ |
| ५ | भलवारी पश्चिम सडक | तिलोत्तमा, वडा नं.-७ र १३ |
| ६ | बरवलिया ठठरिहवा सडक कालोपत्रे | तिलोत्तमा, वडा नं.-१७ |
| ७ | कानपारा कोटिहवा सडक कालोपत्रे | तिलोत्तमा, वडा नं.-१७ |
| विशेष अनुदानका आयोजनाहरुः | | |
| १ | प्रादेशिक बसपार्क | तिलोत्तमा, वडा नं.-१४ |
| २ | ड्राडभरटोल शिवपुर सडक | तिलोत्तमा, वडा नं.-१ र ८ |
| ३ | भद्रभूमी पथ र आरती पथ | तिलोत्तमा, वडा नं.-२ |
| ४ | जनजागृती मा.वि. | तिलोत्तमा, वडा नं.-२ |
| ५ | सुन्दर बस्ती देखि १३ नं.. जोड्ने सडक मर्मत | तिलोत्तमा, वडा नं.-६ र १३ |
| ६ | जन भावना मा.वि., बरोलिया मा.वि. | तिलोत्तमा, वडा नं.-८ र १७ |
| ७ | कामधेनु मार्ग | तिलोत्तमा, वडा नं.-२ |

प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख